नेपाल सरकार

# उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरवार, काठमाडौं
नेपाल

(औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा)

प.सं. -औ. प्र.-२०७६।०७७
च.नं. ३४२

मिति २०७७/०३/३०

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १, प्रदेश नं. २, वागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश नं. ५, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश ।

बिषय : गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) कार्यान्वयनमा संलग्न सेवा प्रदायक संस्थाका कर्मचारीहरुको पारिश्रमिकका सम्वन्धमा ।

उपरोक्त सम्बन्धमा चालु आ.ब. २०७६/७७ मा सशर्त अनुदानमा सञ्चालित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमका लागि परिचालित जनशक्तिको तलव भुक्तानीका सम्बन्धमा श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ५ को मिति २०७७/३/१२, च.नं. ३४७५ को पत्रका सम्बन्धमा कारवाही हुँदा सवै प्रदेशस्थित उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयहरुको जानकारी समेतका लागि लेखिदैंछ । गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७०, को दफा १३ मा व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुसंग गरिने आपसी सम्झौतामा उल्लेख हुने कुराहरु मध्ये उपदफा (१) को खण्ड (ञ) मा रकम भुक्तानी सम्बन्धी विषय पनि रहेको र उक्त उपदफा (१) मा उल्लेखित विषयहरु अनुसूची -४ बमोजिम हुनुपर्ने व्यवस्था छ । उक्त दफा १३ संग सम्बन्धित अनुसूची-४ को बुँदा नं. (९) मा काबु वाहिरको परिस्थिति आइपरेको भनी आधार र कारण सहित निवेदन गरेमा सो निवेदन उपर जिल्ला उद्यम विकास समितिले निर्णय गरी दिएको निर्देशन अनुसार कार्य सम्पादन गर्नु पर्नेछ भन्ने ब्यवस्था र उक्त अनुसूचीको बुँदा नं. ११ बमोजिम जिल्ला उद्यम विकास समितिले नै निर्णय गर्न सक्ने व्यवस्था रहेको हुँदा तलव भुक्तानी सम्बन्धमा सोही वमोजिम हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७७/३/३० को निर्णयानुसार अनुरोध छ ।

दिनेश सागर भुसाल
उप सचिव